## इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आब्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।०३।२८

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.०७८।०७९ का लागि आर्थिक ऐन २०७७ को दफा २० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले देहायका शर्त बन्देजको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पूर्ण विवरण सहितको सूचना जिल्ला प्रशासन कार्यालय सुनसरी, जिल्ला समन्वय समितिको कार्यालय सुनसरी, कोष तथा लेखा नियन्त्रण कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय इटहरी, पूर्व क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय इटहरीको सूचना पाटीमा टाँस गरिएको छ । तोकिएको मिति र समयभित्र खरिद गरी कार्यालय समयभित्र शिलबन्दी दरभाउपत्र इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि WWW.itaharimun.gov.np मा हेर्न सकिनेछ ।

| क. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अंक रु. मु.अ. कर बाहेक | सिलवन्दी दरभाउ पत्र/ बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | १।२०७८।०७९ (राजश्व) | साप्ताहिक शनिवारे हाटकर वडा नं ११,१२ खनार | एक वर्ष | १८,५०,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| २ | २।२०७८।०७९ (राजश्व) | साप्ताहिक सोमबारे हाटकर पकली वडा नं. १७ | एक वर्ष | १,००,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ३ | ३।२०७८।०७९ (राजश्व) | साप्ताहिक मंगलबारे, शनिवारेहाटकर जनता वस्ती वडा नं. ५ | एक वर्ष | ५,००,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ४ | ४।२०७८।०७९ (राजश्व) | दैनिक गद्दीहाट र सोमवारे, बुधवारे हाट कर वडा नं १२,१३ खनार | एक वर्ष | ७,००,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ५ | ५।२०७८।०७९ (राजश्व) | साप्ताहिक सोमबारे विहिवारे हाट तरहरा वडा नं. २० | एक वर्ष | ५,५०,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ६ | ६।२०७८।०७९ (राजश्व) | लवीपुर विहिवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,२००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ७ | ७।२०७८।०७९ (राजश्व) | बालग्राम चोक मंगलवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,०५,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ८ | ८।२०७८।०७९ (राजश्व) | आँपगाछी सोमवारे र विहिवारे हाटकर वडा नं. १ | एक वर्ष | १,७०,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ९ | ९।२०७८।०७९ (राजश्व) | कान्छिचोक शुक्रवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| १० | १०।२०७८।०७९ (राजश्व) | साप्ताहिक सोमबारे शुकबारे हाटकर पचरुखी वडा नं ५ | एक वर्ष | ३,००,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| ११ | ११।२०७८।०७९ (राजश्व) | सार्वजनिक शौचालय इटहरी बसपार्क वडा नं. ९ | एक वर्ष | २,५०,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | १२।२०७८।०७९ (राजश्व) | सार्वजनिक शौचालय आइतवारे बुधवारेहाट इटहरी ९ | एक वर्ष | ७५,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| १३ | १३।२०७८।०७९ (राजश्व) | बेलहिया माछापोखरी वडा नं १५ | पाँच वर्ष | २,००,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |
| १४ | १४।२०७८।०७९ (राजश्व) | चैधरी टोल न पा पोखरी वडा नं ४ | पाँच वर्ष | २,००,०००। | १०००। | २०७८।०४।११ गते सम्म | २०७८।०४।१२ गते दिउसो १२:०० वजे सम्म | २०७८।०४।१२ गते दिउसो २:०० वजे |

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यो सूचना प्रकाशित भएको मितिले यस सूचनामा तोकिएको मिति र समय भित्र यस उप-महानगरपालिकाको कर शाखाबाट खरिद गरि पेश गर्नु पर्नेछ ।

२. शिलवन्दी बोलपत्र साथ जमानत बापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३. इबिड मार्फत पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र फारम दस्तुर बापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड इटहरीको राजश्व खाता नं ०५९०३००००००१००१००००००१ मा रकम जम्मा गरेको भौचर संलग्न हुनु पर्नेछ ।

४. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु गरिनेछ ।

५. छुट्टा छुट्टै विषयको बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।

६. रितपूर्वक दाखिला भएको बोलपत्रहरु तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

८. बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजश्व कार्यालयमा फर्म दर्ता भइ आ.व. २०७६।०७७ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि, फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्र प्रमाणित प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ ।

९. ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्ने छ ।

१०. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ ।

११. नेपाल सरकारले जारी गरेको निषेधाज्ञाको बखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ ।

१२. तीन बर्षे ठेक्काको हकमा एक मुष्ट रकम कबोल नगरी प्रत्येक बर्षको अलग अलग रकम कबोल गरेमा तीन बर्षका रकमलाई जोडजम्मा गरि कूल कबोल अंक मानिने छ ।

१३. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा एक बर्षे ठेक्काको हकमा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको वखतमा, दोस्रो किस्ता २०७८ कात्तिक मसान्त भित्र र अन्तिम किस्ता २०७८ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ता रकम ठेक्का संझौता गर्दा नै बुझाई बाँकी रकमको हकमा २०७९ असार मसान्त सम्म म्याद कायम रहेको मान्यता प्राप्त बैंकबाट जारि गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।।

१४. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्ने छ ।

१५. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट असूल गर्न बाँकी रकम अशुल उपर गरिने छ ।

१६. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का उप-महानगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाईने छैन । बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१७. ठेक्का सचालन गर्दा उप-महानगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिने छ ।

१८. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि उपमहानगरपालिका कार्यालयले तोकेको ढांचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई उपमहानगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१९. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कबोल गर्नेसंग सम्झौता गरिनेछ ।

२०. साविक गा.वि.स. तथा साविक इटहरी उपमहानगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारबाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आएको ठेक्का स्वीकृत गरिने छैन ।

२१. कुनैपनि चिठ्ठी, तार, टेलिफोन फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२२. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा उप-महानगरपालिकाको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

२३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ ।

२४. नेपाल सरकार, अदालत र उपमहानगरपालिका को आदेश निर्देशन निर्णयको ठेकेदारले अक्षरस पालना गर्नु पर्ने छ ।

२५. ठेक्का कबोल गर्ने ठेकेदारले सकार गरेको रकममा नियमानुसार लाग्ने मु.अ. कर समेत नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

२६. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई बिस्तृत विवरण बुझ्न सकिनेछ ।

२७. राष्ट्रिय राजमार्गमा ढाट तगारो राखी कर उठाउन पाईने छैन ।

२८. कर, दस्तुर शुल्क सकलनको दररेट सहितको सूची बोलपत्रसाथ उपलब्ध गराईनेछ । उक्त सूचीको बोर्ड सबैले देखने ठाउमा राखि सूचिमा उल्लेखित दर रेटको तोकिएको स्थान बाहेकको ठाउमा कर दस्तुर शुल्क उठाउन पाईने छैन ।

२९. सबै हटियाको ठेक्का सकार गर्नेले हटिया लाग्ने क्षेत्रमा हटिया लाग्ने दिनको एक दिन अगाडी र पछाडी जुन ठेक्का सकार गरेको हो सोही ठेकेदार आफैले सो क्षेत्र सफा गर्नु पर्ने छ ।

३०. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत